# मङ्गलमान : एक शब्दचित्र

## *– कालीप्रसाद रिजाल*

एउटा अर्को मङ्गलमान पनि छ
जसको विषयमा कसैले चर्चा गरेन
जो कविताको विषय बन्न सकेन

हो मङ्गलमान एउटा अर्को मङ्गलमान
जसले जीवनभर एउटै बाटो हिंड्यो
घरबाट अड्डा र अड्डाबाट फेरि घर
जसले कुनै सपना देखेन
जीवनमा केही लेखेन
कुनै उल्लेखनीय काम गरेन
कहिले जेलमा पनि परेन
खालि बाँच्ने उपक्रम गऱ्यो
जहानबच्चाको प्राण धान्ने उपाय गऱ्यो
नित्य तिनै मन्दिरहरू घुमेर
नित्य तिनै श्लोकहरू पाठ गरिरह्यो

इतिहासका मोडहरू आए गए
एकपछि अर्को परिवर्तनहरू भए
हातमा त्यही पुरानो छाता बोकेर
बाटोको छेउमा उभिइरह्यो मङ्गलमान
उसले एक चित्त भएर
सबै भाषणहरू सुन्यो
र थपडी बजायो
सबै उर्दीहरूमा सहरको
परिक्रमा लगायो
लाममा उभिएर भोट खसाल्यो
फायल बोकेर टेबुल टेबुलमा पुऱ्यायो ।
व्यवहारमा थिचिएको मङ्गलमानले
कहिले धरहराको टुप्पो देखेन
खरिदार भएर जागिरमा
प्रवेश गरेको मङ्गलमान
चालीस वर्षपछि
त्यही खरिदार भएर निस्कियो !
सधैं दाल भात डुकुका लागि
भागिरह्यो दौडिरह्यो मङ्गलमान
पर्खालका पनि कान हुन्छन् भनेर
डराइ डराइ बाँचिरह्यो मङ्गलमान
उसले हाँस्ने फुर्सदै पाएन
जिन्दगीलाई अर्को कोणबाट हेर्नै भ्याएन
अहिले म सम्झन्छु

मङ्गलमानको भाव शून्य अनुहार
कुनै मोनालिसाभन्दा कम थिएन

सिङ्गै मङ्गलमान
कुनै महाकाव्यभन्दा कम थिएन
तर मङ्गलमान
भगवतीको मूर्ति चोरिँदा रोयो
राजर्षी महाराज
अम्लेख हुँदा पनि रोयो
राजाको स्वर्गवास हुँदा रोयो
गङ्गालाललाई गोली हान्दा पनि रोयो
तर मङ्गलमान मर्दा कोही रोएनन्
उसको निधनलाई असामयिक कसैले भनेनन्
अखबारमा फोटो पनि छापिएन
दर्ता चलानी फेरि पनि भइनै रह्यो
स्टोरको काम फेरि पनि चलिनै रह्यो
जन्म मृत्युको अभिलेखमा
बारम्बार मङ्गलमान काटियो
बारम्बार मङ्गलमान थपियो
मलामीहरू रुँदै खालीखुट्टा हिंडिरहेछन्
गुठियारहरू एकहोरो मृत्युको बाजा बजाइरहेछन्

प्रत्येक दिन म सोद्धछु
को मऱ्यो ?
उत्तर आउँछ मङ्गलमान
अर्को दिन फेरि सोद्धछु
को मऱ्यो ?
उत्तर आउँछ मङ्गलमान ‘ ।